आज मिति २०७९ साल मंसीर २७ गते बरा भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री यज्ञप्रसाद ढकाल ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा नगर कार्यपालिका बैठक बसी तपसिलको निर्णयहरु पारित गरियो ।

तपसिल

श्री यज्ञप्रसाद ढकाल, नगर प्रमुख
श्री धनसरा बोहरा, नगर उपप्रमुख
श्री दिनेश पुलामी मगर, वडा अध्यक्ष वडा नं. १
श्री चिरन्जिवि बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीत बहादुर सुनार,वडा अध्यक्ष वडा नं. ३
श्री गंगा बहादुर खत्री,वडा अध्यक्ष वडा नं. ४
श्री प्रेम बहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५
श्री लालसिं बुढाक्षेत्री, वडा अध्यक्ष वडा नं. ६
श्री कर्ण बहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पुसे कामी, वडा अध्यक्ष वडा नं. ८
श्री प्रेम बहादुर आग्री, वडा अध्यक्ष वडा नं. ९
श्री विर बहादुर बस्नेत, वडा अध्यक्ष वडा नं. १०
श्री जय बहादुर नेपाली, वडा अध्यक्ष वडा नं. ११
श्री राम बहादुर डाँगी, वडा अध्यक्ष वडा नं. १२
श्री गणेश बहादुर भण्डारी, वडा अध्यक्ष वडा नं. १३
श्री शेर बहादुर कामी, कार्यपालिका सदस्य
श्री सहविर महर, कार्यपालिका सदस्य
श्री पवित्रा घर्ति, कार्यपालिका सदस्य
श्री गौमायाखत्री, कार्यपालिका सदस्य
श्री खगीसरा पुनमगर, कार्यपालिका सदस्य
श्री मानसिं परियार, कार्यपालिका सदस्य
श्री अमृता विसी विष्ट, कार्यपालिका सदस्य
श्री ओविसरा वस्याल, कार्यपालिका सदस्य
श्री कृष्ण प्रसाद पोखेल,(सचिव) प्रमुख प्रशासकीय अधिकृत

सहयोगीहरु

श्री मानबहादुर ठाडा, लेखाअधिकृत
श्री कुलबहादुर खड्का, अधिकृत छैटौं
श्री वीर बहादुर चुनारा, का.स.

भेरीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

निर्णय प्रकाशित

**प्रस्ताव नं. १ : विभिन्न नीति, निर्देशिका, कार्यबिधि, मापदण्ड पारित गर्ने सम्बन्धमा ।**

निर्णय नं १ : यस भेरीगंगा नगरपालिकामा विभिन्न नीति, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड तयार गरी पारित गर्नुपर्ने सम्बन्धमा पुनः सम्बन्धित विषयगत समिति, शाखा तथा सरोकार पक्षको सहभागितामा छलफल गरी विधेयक समितिले निर्णय गरी नगर कार्यपालिकामा पेश गर्ने र कानून निर्माण गर्दै जाने निर्णय सर्वसम्मतीले पारित गरियो ।

**प्रस्ताव नं. २ : मतदाता स्वयम्सेवकहरुको रकम भुक्तानी सम्बन्धमा ।**

निर्णय नं. २ : निर्वाचन आयोग नेपालद्धारा जारी प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन २०७९ मतदाता शिक्षा कार्यक्रम निर्देशिकाको दफा ११ को उपदफा ६ बमोजिम मिति २०७९/७/१७ गतेदेखि मिति २०७९/८/१ गतेसम्म संचालित मतदाता शिक्षा स्वयम्सेवकहरुको भत्ता वापत न्यूनतम १० हजारका दरले १ लाख ३० हजार रुपैयाँ भैपरी आउने शीर्षकबाट भुक्तानी गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

**प्रस्ताव नं. ३ : वडा डिजिटाइजेशन सम्बन्धमा ।**

निर्णय नं ३ : यस भेरीगंगा नगरपालिकामा तपसिल बमोजिमका वडाहरुमा डिजिटाइजेनको कार्य सुरुवात गर्नका लागि जिआईजेट सिडिएसजीलाई अनुरोध गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

तपसिल

१. वडा नं. ९

२. वडा नं. ११

३. वडा नं. १२

**प्रस्ताव नं. ४ : लिस्प पाइलट परियोजनाका ७ योजना र बजेट सम्बन्धमा ।**

निर्णय नं ४ : स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) को सहयोगमा वडा नं. १ देखि वडा नं. ५ सम्मका तपसिल अनुसारका योजनाहरुको निर्माण कार्य सन्चालन गर्नका लागि परियोजनाको तर्फबाट प्राप्त रकम रु २ करोड ३१ लाख रकम र नगरपालिकाको तपसिल अनुसारको रकमलाई तपसिल बमोजिमको योजनामा तपसिल बमोजिमको रकम विनियोजन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

तपसिल

| क्र.सं. | योजनाको नाम | नगरपालिकाको तर्फबाट | लिस्प पाईलट परियोजनाको तर्फबाट | कुल जम्मा रु. |
|---|---|---|---|---|
| १ | मोहटी मनिरामकाँडा सडक भेरीगंगा १ | १५ लाख | ४५ लाख | ६० लाख |
| २ | अवलपराजुल कुटी लेखपराजुल थर्मुसे साधने सडक भेरीगंगा २ | १५ लाख | ४५ लाख | ६० लाख |
| ३ | डुंगीखोला अवलपराजुल कुटी लेखपराजुल सडक भेरीगंगा ३ | १० लाख | ३७ लाख | ४७ लाख |
| ४ | सानोहर्रे खोरिया ठुलोहर्रे सडक भेरीगंगा ४ | १० लाख | ३७ लाख | ४७ लाख |
| ५ | कालिदमार लेखहात्तिखाल सिरेनी च्युरिगैरा सडक भेरीगंगा ५ | १० लाख ५१ हजार १ सय ९ | ३७ लाख | ४७ लाख ५१ हजार १ सय ९ |
| ६ | नयाँबस्ती मदानीचौर लिफट खानेपानी भेरीगंगा १० | १ लाख ५० हजार (समपुरक कोष) | १० लाख | ११ लाख ५० हजार |
| ७ | रामघाट खानेपानी भेरीगंगा ११ | ५ लाख (समपुरक कोष) | २० लाख | २५ लाख |

निर्णय कार्यान्वयन

**प्रस्ताव नं. ५ : मोहटी बर्थिङ सेन्टरको स्वीकृती सम्बन्धमा ।**

निर्णय नं ५ : यस भेरीगंगा नगरपालिका वडा नं. २ मोहटीमा रहेको मोहटी बर्थिङ्ग सेन्टरलाई स्वीकृती प्रदान गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो ।

**प्रस्ताव नं. ६ : हर्रे, लेखपराजुल र सिमबासमा शहरी स्वास्थ्य संस्था सेवा केन्द्र स्थापना सम्बन्धमा ।**

निर्णय नं ६ : यस भेरीगंगा नगरपालिका वडा नं. ४ को हर्रे, वडा नं. २ को लेखपराजुल र वडा नं. १ को सिमबासमा शहरी स्वास्थ्य सेवा केन्द्र स्थापना गरी सन्चालन गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो ।

**प्रस्ताव नं. ७ : बहुउद्देश्यीय कृषि बजार भवनको लागत सहभागिता सम्बन्धमा ।**

निर्णय नं ७ : यस भेरीगंगा नगरपालिका वडा नं. १२ स्थित साझा भवन क्षेत्रमा रहेको नगरपालिकाको स्वामित्वमा रहेको जग्गामा कृषि क्षेत्र विकास कार्यक्रमको सहयोगमा निर्माण हुन लागेको वहुउद्देश्यीय कृषि बजार भवन निर्माणको लागि नगरपालिकाको तर्फबाट रु २० लाख लागत सहभागिता समपुरक कोषबाट खर्च गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो ।

**प्रस्ताव नं. ८ : तल्लो भन्याङ लिफ्ट खानोपानीको रकम प्रतिवद्धता सम्बन्धमा ।**

निर्णय नं ८ : यस भेरीगंगा नगरपालिका वडा नं. १ मा रहेको तल्लो भन्याङ्ग लिफ्ट खानेपानी आयोजना अधुरो भएकोले सो कार्य सम्पन्न गर्नका लागि रु. १० लाख रुपैयाँ नगरपालिकाको समपुरक कोषबाट रकम लागत सहभागिता जनाउने निर्णय सर्बसम्मतीले पारित गरियो ।

**प्रस्ताव नं. ९ : एकीकृत बस्तुगत विवरण सम्बन्धि कार्यका लागि रकम विनियोजन सम्बन्धमा ।**

निर्णय नं ९ : यस भेरीगंगा नगरपालिकाको एकीकृत बस्तुगत विवरण संकलन सम्वन्धि कार्यका लागि रु. ५ लाख रुपैयाँ नगरपालिकाको समपुरक कोष शीर्षकबाट विनियोजन गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो ।

**प्रस्ताव नं. १० : पशुपंक्षि तथ्यांक संकलन सम्बन्धमा ।**

निर्णय नं १० : यस भेरीगंगा नगरपालिकाको पशुपंक्षि तथ्यांक संकलन गर्ने कार्यका लागि प्रदेश सरकारवाट १ लाख, पशुपंक्षि विकास शाखाको १ लाख रहेकोमा सो कार्य सम्पन्न गर्नका लागि भेरीगंगा नगरपालिकावाट थप रु. १ लाख २५ हजार रुपैयाँ समपुरक कोषबाट विनियोजन गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो ।

**प्रस्ताव नं. ११ : भूउपयोग नीति सम्बन्धमा ।**

निर्णय नं ११ : यस भेरीगंगा नगरपालिकाको भूउपयोग परिषद्ले सिफारिस गरेअनुसारको भूउपयोग नीति र कृषि तथा गैरकृषि क्षेत्रको बर्गीकरणलाई अनुमोदन गरी स्वीकृत गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो।

**प्रस्ताव नं. १२ : लिखित जवाफ पेश गर्न अख्तियारी दिने सम्बन्धमा ।**

निर्णय नं १२ : यस भेरीगंगा नगरपालिका कार्यालय, नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय, नगरसभा तथा नगरपालिका मातहतका सबै कार्यालयलाई बिपक्षी बनाई जिल्ला अदालत, उच्च अदालत, सर्वोच्च अदालतलगायतका जुनसुकै न्यायिक निकायहरुमा हुने मुद्धाहरुको लिखित जवाफ, प्रतिउत्तर पत्र पेश गर्न तथा अन्य निकाय र व्यक्तिउपर उपरोक्त अदालत तथा न्यायीक निकायमा मुद्दा दायर गर्नका लागि यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीलाई अख्तियारीनामा दिने र अधिकार प्रत्यायोजन गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो ।

CamScanner

निर्णय प्रमाणित

**प्रस्ताव नं. १३ : कानून व्यवसायी नियुक्ती गर्ने सम्बन्धमा ।**

निर्णय नं १३ : यस भेरीगंगा नगरपालिकालाई बिपक्षी बनाई सम्मानित सर्वोच्च अदालतमा सहारा निर्माण सेवा सुर्खेतका प्रो. दरशथ चन्दले दायर गरेको रिट नं. ०७९-WO-०३८५ को रिट निवेदनमा यस नगर कार्यपालिकाको तर्फबाट लिखित जवाफ मस्यौदा गर्न, बहस पैरबि गर्न र वारेस मुकरर गर्नका लागि न्यायपथ ल फर्मका अधिवक्ता श्री भोजराज आचार्यलाई कानुन व्यवसायी नियुक्त गर्ने र निजले सो कार्य गर्दा लागेको सम्पूर्ण खर्च रकम यस नगरपालिकाबाट भुक्तानी गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

**प्रस्ताव नं. १४ : हर्रेमा सार्बजनिक शौचालय निर्माण गर्ने सम्बन्धमा ।**

निर्णय नं १४ : यस भेरीगंगा नगरपालिकाको वडा नं ४ स्थित हर्रेमा नेपाली सेनाको चेकपोष्ट नजिक सार्बजनिक शौचालय निर्माण गर्नका लागि राष्ट्रिय निकुन्जबाट ५ लाख बिनियोजन भएकोले उक्त कार्य सम्पन्न गर्नका लागि थप रु. २ लाख ५० हजार रुपैयाँ यस नगरपालिकाको तर्फबाट समपुरक शीर्षकबाट रकम भुक्तानी गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो ।

**प्रस्ताव नं. १५ : फाजिल कर्मचारी फिर्ता पठाउने सम्बन्धमा ।**

निर्णय नं. १५ : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (कर्मचारी प्रशासन शाखा) को प.सं. २०७९।०८०, च.नं. ७/२७३ मिति २०७९।०४।३० गतेको प्राप्त पत्रको सि.नं. २ मा कर्मचारी समायोजन मिलान भई आउन सहमति उपलब्ध गराउँदा स्वीकृत दरवन्दी भित्रको रिक्त पद तथा तहको लागि मात्र उपलब्ध गराउने । सहमतिको आधारमा समायोजन मिलान भई स्वीकृत दरबन्दीभन्दा बढी कर्मचारी हुन गएमा सम्बन्धित पालिकाहरुबाट नै जिम्मेवार हुनुपर्ने तथा दरबन्दी भन्दा बढी कर्मचारीको लागि थप तलब भत्ता वापतको रकम निकासा नहुने भनी उक्त मन्त्रालय (मा.मन्त्रीस्तर) को मिति २०७९।०४।३० गते निर्णय भएकोले दरवन्दीभन्दा बढी तपसिलका कर्मचारीहरुलाई यस भेरीगंगा नगरपालिकाबाट आर्थिक व्ययभार व्यहोर्ने गरी तलब भत्ता खुवाउन बजेट अपुग हुने र मन्त्रालयमा तलबभत्ता माग गरिएपनि प्राप्त हुन नसकेकोले उल्लेखित कर्मचारीहरुलाई सम्बन्धित मन्त्रालयले अन्यत्र व्यवस्था गरिदिन हुन अनुरोध गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

तपसिल

| क्र.सं. | नाम, थर | पद |
|---|---|---|
| १ | मानसिं नेपाली | सि.अ.हे.व. अधिकृत |
| २ | रेशमबहादुर डि.सी. | सि.अ.हे.व. |
| ३ | विनिता शर्मा | हे.अ. |
| ४ | चन्द्रकला खड्का | अ.हे.ब. |
| ५ | बेदप्रसाद पौडेल | अ.हे.ब. |
| ६ | गणेश डाँगी | अ.हे.ब. |
| ७ | पदम बाह्रघरे | अ.हे.ब. |
| ८ | प्रतिमा सोनी | अ.हे.ब. |
| ९ | धनबहादुर खत्री | अ.हे.ब. |
| १० | सुस्मीता बसेल | अ.न.मी. |

**प्रस्ताव नं. १६ : रोजगार सेवा केन्द्रको कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा ।**

निर्णय नं. १६ : यस भेरीगंगा नगरपालिकामा रोजगार सेवा केन्द्र अन्तर्गत स्थानीय निर्देशक समितिको निर्णय अनुसार पेश भएको योजना, बजेट तथा कार्यक्रमहरु स्वीकृत गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो ।

भेरीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

CamScanner